# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, आश्विन २ गते २०८० साल ( संख्या ४

## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

## अनुदानको मल बितरण व्यवस्थापन कार्यबिधि, २०८०

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

हल्दीबारी गाउँपालिका

# अनुदानको मल बितरण व्यवस्थापन कार्यबिधि, २०८०

प्रस्तावनाः कृषि उत्पादन एवं उत्पादकत्व बृद्धि गरी आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा खाद्य सुरक्षा बढाउन कृषकलाई लागत सहभागिताको आधारमा यस गाउँपालिकाको संरचना अनुसार अनुदानको मल आपूर्ति तथा बिक्री बितरण कार्यलाई सहज व्यवस्थित पारदर्शी र प्रभावकारी बाञ्छनिय भएकोले र अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) "द४" समेतको आधारमा,
हल्दीबारी गाउँपालिकाको प्रशासकीय कार्यबिधि(नियमित गर्ने) ऐन २०७९ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यबिधि जारी गरिएको छ ।

## परिच्छेद - १

**प्रारम्भिक**

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम " **अनुदानको मल बितरण व्यवस्थापन कार्यबिधि, २०८०"** रहेको छ ।

(२) यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ अलागेमा यस निर्देशिकामा

(क) **"ऐन"** भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ र (पहिलो संशोधन) ऐन, २०३० सम्झनुपर्दछ ।

(ख) **"आदेश"** भन्नाले रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ र रासायनिक मल (नियन्त्रण) (दोश्रो संशोधन) २०७८ सम्झनुपर्दछ ।

(ग) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्दछ ।

(घ) **"गाउँपालिका"** भन्नाले यस हल्दीबारी गाउँपालिका सम्झनुपर्दछ ।

(ङ) **"मल"** भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक प्राङ्गारिक सम्मिश्रित र जिवाणुयूक्त मल सम्झनुपर्दछ।

(च) **"बिक्रेता"** भन्नाले मल बितरक कम्पनीबाट मल बिक्री बितरण गर्न यस कार्यबिधि बमोजिमको मल बिक्रेता प्रमाणपत्र प्राप्त सहकारी संस्था फर्म वा कम्पनी सम्झनुपर्दछ ।

(छ) **"मल बितरक कम्पनी"** भन्नाले कृषि सामाग्री कम्पनी लिमिटेड सम्झनुपर्दछ र सो शब्दले मल आपूर्ति तथा बितरणको लागि दफा २६ बमोजिम कुनै संस्था तोकिएकोमा त्यस्तो संस्थालाई समेत जनाउनेछ ।

(ज) **"फर्म"** भन्नाले प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको फर्म सम्झनुपर्दछ ।

(झ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थालाई सम्झनुपर्दछ ।

(ञ) **"स्थानीय समिति"** भन्नाले दफा ३ (१) बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति सम्झनुपर्दछ।

(ट) **"कृषि विकास शाखा"** भन्नाले हल्दीबारी गाउँपालिकाको बिषयगत शाखालाई सम्झनुपर्दछ ।

हल्दीबारी गाउँपालिका

# परिच्छेद - २

## मल आपूर्ति सम्बन्धि व्यवस्था

३. **स्थानीय समिति** : (१) नेपाल सरकारले कृषकहरुका लागि अनुदानमा उपलब्ध गराउने मलको स्थानीय तहमा आपूर्ति तथा बितरण व्यवस्थापन प्रभावकारी बनाउन देहाय बमोजिमको स्थानीय तह मल बितरण व्यवस्थापन समिति रहनेछ ।

(क) उपप्रमुख वा उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य

(ग) कृषि विकास शाखा प्रमुख - सदस्य - सचिव

(२) स्थानीय समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(३) स्थानीय समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) स्थानीय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(५) स्थानीय समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

(६) स्थानीय समितिको बैठकमा आवश्यकता अनुसार प्रदेश मन्त्रालय अन्तर्गतका कृषि बिषय हेर्ने कार्यालय, कृषि सामाग्री कम्पनी लिमिटेडको कार्यालय प्रमुख साल्ट ट्रेडिङ कर्पोरेशन को प्रमुख वा प्रतिनिधि, सम्बन्धित बिषयको बिज्ञ, बिक्रेता लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(७) स्थानीय समितिको सचिवालयको कार्य हल्दीबारी गाउँपालिकाको कृषि विकास शाखाले गर्नेछ ।

४. स्थानीय समितिको काम कर्तव्य र अधिकार : (१) स्थानीय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) हल्दीबारी गाउँपालिकामा रहेको खेतीयोग्य र खेती गरिएको जग्गा सिंचित क्षेत्र कृषक घरधुरी कृषि उत्पादन उत्पादकत्व मल कारोबार गर्ने विक्रेता व्यावसायिक कृषक लगायतका कृषि तथ्याङ्क अध्यावधिक गर्ने ।

(ख) हल्दीबारी गाउँपालिका क्षेत्र भित्र खेती गरिएको जग्गाको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण प्रक्षेपण गरी प्रदेश समिति समक्ष माग पेश गर्ने ।

(ग) हल्दीबारी गाउँपालिकाको वडागत रुपमा आवश्यक पर्ने मलको आपूर्ति व्यवस्था गर्ने ।

(घ) हल्दीबारी गाउँपालिकामा मलको कारोबार गर्ने बिक्रेताको प्रत्येक आर्थिक बर्षको लागि दर्ता, नविकरण गर्ने ।

(ङ) मलको बिक्रेता नियूक्त हुन स्थानीय तहमा निवेदन दिएका मध्ये नियमानुसार दर्ता भएका संस्थालाई स्थानीय मागको आधारमा हल्दीबारी गाउँपालिका भित्र निश्चित स्थान पहिचान गरी आवश्यक बिक्रेताहरुको संख्या निर्धारण सहित बिक्रेता नियूक्ति गर्नको लागि मल बितरक कम्पनीमा सिफारिस गर्ने र बिक्रेताको सूचि समय समयमा प्रकाशन गर्ने



हल्दीबारी गाउँपालिका

(च) आफ्नो गाउँपालिका भित्र निश्चित कार्य क्षेत्र पर्ने गरी मल बिक्रेताको कार्यक्षेत्र तोक्ने ।

(छ) गाउँपालिकालाई प्राप्त हुने मल अनुसार मल बिक्रेताको लागि खेतीयोग्य जमिनको क्षेत्रफल र बाली सघनताको आधारमा मलको प्रकार र परिमाण तोक्ने ।

(ज) आफ्नो क्षेत्रको कुनै बिक्रेताले निजलाई तोकिएको प्रकार र परिमाणमा खपत गर्न नसक्ने जानकारी दिएमा आवश्यकताको आधारमा गाउँपालिका भित्र को सम्बन्धित वडा र वडा भित्रका बिक्रेताले पनि खपत गर्न नसक्ने भएमा अन्य वडाका बिक्रेताका लागि कोटा थप गर्ने ।

(झ) हल्दीबारी गाउँपालिका भित्र आवश्यक पर्ने मलको अभाव हुन नदिन आवश्यक तयारी गर्ने,

(ञ) हल्दीबारी गाउँपालिका भित्र मल बिक्री बितरण व्यवस्थापनको निरीक्षण तथा अनुगमन गर्ने,

(ट) मल बिक्री बितरण सम्बन्धी बिवरणको अभिलेख तयार गरी प्रमाणित गरी राख्ने,

(ठ) मल बिक्री बितरण सम्बन्धमा गाउँपालिका भित्रको कृषक तथा बिक्रेताको गुनासो सुन्ने तथा समाधानको लागि काम गर्ने,

(२) स्थानीय समितिले सम्पादन गरेको काम कारवाहीको प्रगति प्रतिवेदन अनुसूचि - १ बमोजिमको ढाँचामा तयार गरी चौमासिक रुपमा मल आपूर्ति तथा बितरण व्यवस्थापन समिति र प्रदेश समिति समक्ष पेश गर्ने,

५. मलको परिमाण निर्धारण गर्ने : (१) स्थानीय समितिले आफ्नो गाउँपालिकामा आगामी आर्थिक बर्षको लागि आवश्यक पर्ने मलको प्रकार परिमाणमा कार्यालय खुलाई प्रत्येक आर्थिक बर्षको माघ मसान्तभित्र मल आपूर्ति तथा बितरण व्यवस्थापन समितिमा पठाउनुपर्नेछ ।

६. मलको कोटा निर्धारण गर्ने : (१) स्थानीय समितिले प्रत्येक आर्थिक बर्षमा चौमासिक रुपमा बिक्रेतालाई अनुदानमा उपलब्ध हुने मलको बिक्री परिमाण चौमासिक शुरु हुनु अगावै निर्धारण गर्नुपर्नेछ । यसरी निर्धारण गरिएको परिमाण स्थानीय समितिले सम्बन्धित मल बितरक कम्पनी र बिक्रेतालाई तुरुन्त जानकारी गराउनु पर्नेछ ।

(२) बिक्रेताले आफूलाई निर्धारण गरिएको मलको परिमाण प्रत्येक चौमासिकको अन्त्य सम्ममा मल नलगेमा स्थानीय समितिले मल आवश्यक भएको गाउँपालिका भित्रका अन्य बिक्रेतालाई त्यस्तो मलको कोटा तोकी बिक्री गर्न सकिनेछ।

(३) हल्दीबारी गाउँपालिकाको लागि निर्धारण गरिएको मलको परिमाण प्रत्येक चौमासिकको अन्त्य सम्ममा तोकिएका बिक्रेताहरुले खरिद नगरेमा स्थानीय समितिले मल आवश्यक भएको अन्य बिक्रेताहरुलाई बाँडफाँड गर्नेछ ।

(४) माथि जुनसुकै कुरा भनेतापनि कृषि सामाग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेसन लि. बाट प्राप्त भएको रासायनिक मल कृषि ज्ञान केन्द्रबाट कोटा निर्धारण भई आएमा यस गाउँपालिकाको स्थानीय समितिबाट पनि सुचिकृत भएका सहकारी संस्था/फर्म सप्लायर्सहरुलाई निर्धारण भएको मलको कोटा तोकिएको अवधिमा ३ पटक सम्म मल नउठाएमा सोही आ.व. भित्र उक्त संस्था वा फर्म सप्लायर्सलाई मलको कोटा निर्धारण गरिने छैन र उक्त संस्था/फर्म सप्लायर्सले प्राप्त गर्ने कोटाको मल सोही वडाको अर्को संस्था/फर्म सप्लायर्सलाई सम्बन्धित क्षेत्रका किसानहरुले प्राप्त हुने गरी बिक्री बितरण गर्न सिफारिस गरिनेछ ।

७. थप अनुदान दिन नपाउने: (१) प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारबाट अनुदानमा प्राप्त भएको मूल्यमा थप अनुदान दिन पाउने छैन ।

(२) प्रदेश सरकार वा स्थानीय तहले आफ्नो बजेट व्यवस्था गरी स्थानीय रुपमा उत्पादित प्राङ्गारिक तथा जिवाणुयूक्त मलमा अनुदान दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार तथा स्थानीय तहले ढुवानीमा अनुदान दिई मल बिक्री बितरण व्यवस्था मिलाउन बाधा पर्ने छैन ।

# परिच्छेद - ३

## रासायनिक मल बिक्रेताको सूचिमा (ईजाजत पत्र) दर्ता तथा नविकरण सम्बन्धि व्यवस्था

८. बिक्रेताको सूचिमा दर्ता गर्ने : (१) सहकारी संस्था फर्म वा कम्पनीले मलको बिक्री बितरण गर्न चाहेमा सम्बन्धित बिक्रेताको सूचिमा (ईजाजत पत्र) दर्ता सम्बन्धि प्रकृयामा तोकिएको बिवरण तथा कागजातका अतिरिक्त देहायका कागजात तथा बिवरण संलग्न गरी हल्दीबारी गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

(क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र

(ख) सम्बन्धित वडाको सिफारिस पत्र

(ग) बिगतका दुई आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी

(घ) स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपी

(ङ) अनुभव कार्यदक्षता कार्यक्षमताको बिवरण

(च) नापतौल गर्ने मेशिन गोदाम घर सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारहरुको बिवरण

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम सम्बन्धित वडा कार्यालयले सिफारिस गर्दा निवेदकको बिक्री परिमाण सहकारी संस्था, फर्म वा कम्पनीको अनुभव कार्यदक्षता कार्यक्षमता र नापतौलको मेशिन गोदाम घर सूचना प्रविधि लगायतका भौतिक पूर्वाधार समेतको आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिने सहकारी संस्था फर्म वा कम्पनीलाई गाउँपालिकाको कृषि विकास शाखाले बिक्रेता सुचिमा दर्ता गरी अनुसूचि - ३ बमोजिमको ढाँचामा मल बिकेता इजाजत प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन दिने सहकारी संस्था फर्म वा कम्पनीलाई गाउँपालिकाको कृषि विकास शाखाले कम्तिमा आर्थिक बर्षको कार्यकाल पुरा गरेको सक्षम र क्रियाशिल सहकारी संस्था फर्म वा कम्पनीलाई मात्र सूचिमा दर्ता गर्नुपर्नेछ ।

९. सूचिमा दर्ता गर्नको लागि आवेदन दिनुपर्ने : (१) यस गाउँपालिका भित्र रासायनिक मलको थोक तथा खुद्रा बिक्री बितरण गर्न चाहने व्यवसायी संस्थाले रासायनिक मल बिक्रेताको सूचिमा दर्ता गराउन निर्देशिकाको अनुसूचि - २ बमोजिमको ढाँचामा निवेदन दस्तुर बापत रु. १००।- गाउँपालिकाको राजश्व खातामा दाखिला गरेको भौचर सहित निवेदन पेश गर्नुपर्नेछ ।

(२) साविकको जिल्ला कृषि विकास कार्यालयमा दर्ता गराएका समेतले यो कार्यबिधि लागु भएपछि कार्यबिधि अनुरुप पुनः दर्ता गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम रासायनिक मल बिक्रेताको सूचिमा दर्ता गर्नको लागि निवेदन दिने व्यक्ति नेपाली नागरिक र साधारण लेखपढ गर्न जान्ने हुनुपर्नेछ ।

१०. सूचि (ईजाजत पत्र) दर्ता प्रमाण पत्र : (१) निवेदन प्राप्त भएपछि ७ कार्य दिन भित्र गाउँपालिकाको कार्यालयको सूचिमा दर्ता गरिसकेपछि छनौटमा परेकोलाई मात्र गाउँपालिकाले अनुसूचि - ३ बमोजिमको

ढाँचामा रासायनिक मल बिक्रेताको ईजाजत पत्र दिनुपर्नेछ । तर दर्ता गर्न नसकिने कारणहरु भए सो को व्यहोरा खुलाई लिखित जानकारी निवेदकलाई दिनुपर्नेछ । साविकको जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका बिक्रेताले पुनः यस कार्यबिधि अनुसार दर्ता गरेपछि कारोबार गर्न ईजाजत पत्र दिईनेछ ।

(२) दर्ता भएका रासायनिक मल बिक्रेताहरुहरुको बिवरण गाउँपालिकाको कृषि विकास शाखाले अनुसूचि - ४ बमोजिमको ढाँचामा सम्बन्धित कृषि मन्त्रालय बिराटनगर र कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार र कृषि सामाग्री कम्पनी लि. काठमाण्डौमा पठाउनुपर्नेछ ।

(३) बिक्रेताहरुले गाउँपालिकाको कार्यालयमा दर्ता गराए पश्चात रासायनिक मल खरिद सम्बन्धमा बिक्रेता स्वयंले पैठारीकर्तासँग समन्वय राखि व्यवस्थपन गर्नुपर्नेछ । बिक्रेताहरुलाई रासायनिक मल उपलब्ध गराउने जिम्मा दर्ता गर्ने कार्यालयको हुने छैन ।

(४) बिक्रेताहरुले रासायनिक मलको मूल्य सूचि तथा मलको बिवरण (किसिम र श्रोत) सबैले देख्ने ठाउँमा टाँस गर्नुपर्नेछ ।

११. रासायनिक मलको कारोबार स्थिति पेश गर्नुपर्ने : गाउँपालिकामा दर्ता भएका सबै बिक्रेताहरुले आ-आफ्नो चौमासिक कारोबारको स्थिति अनुसूचि- ५ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

१२. दर्ता नविकरण सम्बन्धमा : (१) दफा ९ बमोजिमको सूचि दर्ता प्रमाणपत्रको अवधि एक आर्थिक बर्षको हुनेछ । दर्ता भएका बिक्रेताहरु।ले यस्तो प्रमाण पत्र सुरक्षित साथ सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ । बिक्रेताहरुले सूचि दर्ता को म्याद भुक्तान हुनु भन्दा कम्तिमा ३५ दिन अगावै रु. ५००।- नविकरण दस्तुर बापत गाउँपालिकाको राजश्व खातामा दाखिला गरी सो को भौचर सहित बिक्रेताको ईजाजत प्रमाण पत्र को नविकरण गराउन कृषि विकास शाखामा अनुसूचि - ६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नविकरणको लागि निवेदन परेमा गाउँपालिकाको कृषि विकास शाखाले बिक्रेताले देहायका शर्तहरु पालना गरेको अवस्थामा ७ कार्यदिन भित्र बिक्रेताको ईजाजत प्रमाणपत्र नविकरण गरी दिनुपर्नेछ ।

(क) अनुसुचि -५ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि विकास शाखामा नियमित रुपमा चौमासिक कारोबारको स्थिति प्रगति पेश गर्ने गरेको ।

(ख) अनाधिकृत श्रोतहरुबाट प्राप्त रासायनिक मल बिक्री बितरण गर्ने गरेको वा न्यूनस्तरको रासायनिक मल बिक्री बितरण गरेको सम्बन्धमा कारवाहीमा नपरेको ।

(३) नविकरणको अवधि एक आर्थिक बर्षको हुनेछ र आर्थिक बर्ष शुरु भएपछि श्रावण १५गते भित्र पुनः नविकरण गर्नुपर्नेछ ।

(४) उपदफा (१) मा तोकिएको म्याद भित्र नविकरण नगराएमा बिक्रेताले प्रमाणपत्रको म्याद समाप्त भएको मितिले ३० दिनभित्र नविकरण गराउन चाहेमा नविकरण दस्तुर बापत रु. ५००।-रुपैयाँ राजश्व दाखिला गरी सो को निस्सा सहित अनुसूचि - ६ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।

(४क) उपदफा (४) बमोजिमको म्याद समाप्त भएपछि कुनै बिक्रेता प्रमाणपत्र नविकरण गराउन आएमा पहिलो एक बर्ष सम्मको लागि रु. ५००।- जरिवाना र त्यसपछि जुनसुकै समय भएतापनि प्रत्येक बर्षका लागि १०००।- रुपैयाँका दरले जरिवाना र नविकरण दस्तुर बापत पाँच सय रुपैयाँ समेत राजश्व दाखिला

गरी सो को निस्सा सहित अनुसूचि - ६ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

(५) उपदफा (४) र (४क) बमोजिम नविकरणका लागि निवेदन दिने बिक्रेताहरुले दर्ता प्रमाणपत्रको अवधि समाप्त भएपछि पुनः नविकरण नभएसम्म रासायनिक मल बिक्री बितरण गर्न पाईने छैन ।

१३. मल बिक्रेता सूचि दर्ता खारेजी गर्न सक्ने : (१) देहायको अवस्थामा मल बिक्रेता सूचि दर्ता प्रमाणपत्र प्रदान गर्ने हल्दीबारी गाउँपालिका कृषि विकास शाखाले जारी गरेको बिक्रेताको सूचि दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

(क) बील बिजक जारी नगरी मलको बिक्री बितरण गरेमा ।

(ख) आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई मलको बिक्री बितरण गरेमा ।

(ग) स्थानीय समितिले तोकिएको भन्दा बढी रकममा मल बिक्री गरेमा ।

(घ) लुकाई छिपाई वा पक्षपात पूर्ण तरिकाले मल बिक्री बितरण गरेमा ।

(ङ) मल सम्बन्धी झुट्टा बिवरण पेश गरेमा वा समयमा अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७ को दफा १८ को उपदफा (५) बमोजिमको बिवरण नबुझाएमा

(च) मलसँगै कृषकको माग बिपरित अन्य सामाग्री खरिद गर्न दवाव दिएमा

(छ) कृषि प्रयोजन बाहेक अन्य प्रयोजनको लागि मल बिक्री बितरण गरेमा

(ज) बिक्रेताले १ बर्ष सम्म मलको बिक्री बितरण कारोबार नगरेमा

(झ) अन्य कुनै प्रकारको अनियमितता गरेमा

(२) उपदफा (१) बमोजिम प्रमाणपत्र खारेज गर्नु अगाडी स्थानीय समितिले बिक्रेतालाई मनासिव माफिकको समय दिई सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) कुनै पनि बेला मल आपूर्ति तथा बितरण समिति प्रदेश समिति र स्थानीय समितिले र मन्त्रालयले अनुगमन गर्दा उपदफा (१) बमोजिमको अवस्था देखि बिक्रेताको प्रमाणपत्र खारेज गर्नुपर्ने भएमा मल बितरक कम्पनी समक्ष मल बिकेताको प्रमाणपत्र खारेज गर्न सिफारिस गर्न सक्नेछ र त्यसरी सिफारिस भएमा स्थानीय समितिले पनि मल बिक्रेता सूचि दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम दिईएको समयभित्र बिक्रेताले सफाई पेश नगरेमा वा गरिएको सफाई सन्तोषजनक नदेखिएमा स्थानीय समितिले मल बिक्रेता सूचि दर्ता प्रमाणपत्र खारेज गरी मल बितरक कम्पनीलाई प्रमाणपत्र खारेजको लागि स्थानीय समितिले सिफारिस गर्नेछ ।

(५) उपदफा (१) (३) वा (४) बमोजिम बिक्रेता खारेज भएका सहकारी संस्था फर्म वा कम्पनीलाई तीन बर्ष सम्मको लागि बिक्रेता नियूक्ति गरिनेछैन ।

१४. निरीक्षकको काम कर्तव्य र अधिकार : रासायनिक मलको बजार तथा आपूर्ति व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयूक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने प्रयोजनको लागि निरीक्षकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) रासायनिक मलको उत्पादन पैठारी वा बिक्री बितरण नियमित र नियन्त्रण गर्ने ।

(ख) रासायनिक मलको उत्पादन सम्मिश्रण बिक्री बितरण वा संचय हुने स्थानमा कुनै पनि मनासिव समयमा प्रवेश गरी रासायनिक मल वा रासायनिक मल उत्पादन वा सम्मिश्रण गर्न प्रयोग गरिने बस्तु वा अन्य सम्बन्धित बस्तुको बिना मूल्य नमुना लिने ।

(ग) रासायनिक मलको उत्पादन पैठारी बिक्री बितरण  सञ्चिति सम्बन्धि कुनै अभिलेख बिवरण वा कागजात सम्बन्धि उत्पादक पैठारीकर्ता तथा डिलरबाट दाखिला गराउने वा प्रतिलिपी लिने ।

(घ) कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले ऐन वा यस आदेशको बिपरित कुनै कामकारवाही गरेको छ भन्ने उजुरी वा सूचना प्राप्त भएमा त्यसको छानबिन गर्ने ।

१५. कार्यबिधिको व्याख्या : यो कार्यबिधिको व्याख्या कार्यपालिकाले गर्नेछ ।

१६. कार्यबिधि संशोधन : यो निर्देशिकाको प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१७. बाधा अड्चन फुकाउ : स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस कार्यबिधिमा व्यवस्था भए बाहेकका बिषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

१८. माथिका जुनसुकै कुरा भनेतापनि  अन्य  ऐन कानुन तथा नियमहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुदानको मल बितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम हुनेछ ।

हल्दीबारी गाउँपालिका

# अनुसूचि - १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## स्थानीय समितिले पेश गर्नुपर्ने चौमासिक प्रगति प्रतिवेदनको ढाँचा

आर्थिक बर्ष ............................

अवधि : ..............................महिनादेखि ...............................महिनासम्म

इकाई के जी

| क्र. सं. | बिवरण (मलको किसिम) | यस चौमासिकमा प्रदेश/स्थानीय तहमा प्राप्त परिमाण | यस चौमासिकमा प्रदेश/स्थानीय तहमा बिक्री परिमाण | यस चौमासिकमा प्रदेश/स्थानीय तहमा प्राप्त परिमाण | यस चौमासिक सम्म प्रदेश/स्थानीय तहमा बिक्री परिमाण | प्रदेश कार्यालयको/स्थानीय तहको औषत बिक्री मूल्य(रु प्रति केजी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | यूरिया | | | | | | |
| २ | डिएपी | | | | | | |
| ३ | पोटास | | | | | | |
| ४ | अन्य भए खुलाउने | | | | | | |
| | जम्मा | | | | | | |

नामथर छाप

पद

मिति

हस्ताक्षर

हल्दीबारी गाउँपालिका

# अनुसूचि - २
## (दफा ३ को उपदफा १ सँग सम्बन्धित)

रासायनिक मल बिक्री बितरणको लागि सूचिमा(ईजाजतपत्र) दर्ता गर्न गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
हल्दीबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय झापा ।

बिषय : रासायनिक मल बिक्रेताको सूचिमा दर्ता गराई पाउँ भन्ने बारे ।

मैले/ हामीले मेरो फर्म/संस्थाले हाल यस झापा जिल्लाको हल्दीबारी गाउँपालिकामा रासायनिक मल खरिद तथा बिक्री बितरण कार्य गर्दै आएको/शुरु गर्ने भएको हुँदा संलग्न बिवरणहरु सहित रासायनिक मल बिक्रेताको लागि सूचिमा दर्ता गराई दिनु हुन अनुरोध छ ।

**निवेदक**
नाम
पद
हस्ताक्षर
सम्पर्क नं

हल्दीबारी गाउँपालिका

रासायनिक मलको थोक तथा खुद्रा बिक्री बितरण गर्न चाहने व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले आफ्नो नाम दर्ता गराउनका लागि बिवरण भर्नुपर्ने फारामको ढाँचा

१. फर्म वा संस्थाकव नाम :

२. स्थापना मिति :

३. प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबन्धक आदि)

४. नागरिकता प्रमाणपत्रको प्रतिलिपी (व्यक्तिको हकमा)

५. संस्था रहेको ठाउँको ठेगाना :

जिल्ला - गाउँपालिका र टोलको नाम वडा नं

६. संस्थाको किसिम ( चिन्ह लगाउने) : निजी/ सहकारी/ सरकारी/ अर्धसरकारी

७. रासायनिक मल बिक्री बितरण शुरु गरेको बर्ष :

८. यस अघि कुनै सरकारी निकायमा पहिले दर्ता गराएको भए त्यसको,

(क) दर्ता मिति :

(ख) दर्ता गर्ने कार्यालयको नाम :

(ग) दर्ता नं.

(घ) कारोबारको किसिम :

९. कारोबारको किसिम(हालको ) चिन्ह लगाउने

(क) रासायनिक मल मात्र

(ख) रासायनिक मल र बाली संरक्षण बिषादी

(ग) रासायनिक मल र बाली संरक्षण बिषादी र कृषि औजार

(घ) रासायनिक मल र बाली संरक्षण बिषादी र किराना सामान समेत

गोदाम घर/ नापतौल मेशिन/सूचना प्रविधि : भए/नभएको

१०. हाल बिक्री बितरण गर्ने गरेको रासायनिक मलहरुको नाम (चिन्ह लगाउने)

(क) यूरिया (ख) डिएपी (ग) पोटास (घ) एमोनियम सल्फेट (ङ) अन्य केही भए

११. हाल रासायनिक मलहरु कहाँबाट र को सँग खरिद गरी ल्याउने गर्नु भएको छ ? नाम र ठेगाना सहित बिवरण पेश गर्नु हुन ।

# अनुसूचि - ३

## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

रासायनिक मल बिक्रेताहरुको सूचिमा दर्ता गरेपछि गाउँपालिकाले सम्बन्धित बिक्रेतालाई दिईने सूचि दर्ता प्रमाणपत्रको ढाँचा

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
जलथल, झापा

मितिः ...................................

श्री ...............................

(व्यक्ति, फर्म, वा संस्थाको नाम र ठेगाना)

बिषयः रासायनिक मल बिक्रेताको सूचिमा दर्ता गरिएको ।

तपाईले यस कार्यालयमा रासायनिक मल बिक्रेताको सूचिमा दर्ता गर्न मिति ................................................मा दिनु भएको निवेदन अनुसार यस गाउँपालिकामा रासायनिक मलको बिक्रेताहरुको सूचिमा हल्दीबारी गाउँपालिकाको रासायनिक मल निर्देशिका, २०८० को परिधिभित्र रही आधिकारिक श्रोतबाट मात्र रासायनिक मलको कारोबार गर्ने शर्तमा तपाईको त्यस फर्म/संस्थाको नाम समाबेश गराई काम गर्न ईजाजत दिईएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । यसै साथ संलग्न ढाँचा बमोजिम आफ्नो कारोबारको चौमासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नु हुन समेत अनुरोध गरिन्छ ।

| | |
|---|---|
| ............................... | .................................. |
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

हल्दीबारी गाउँपालिका

## नविकरण सम्बन्धमा

फर्म वा संस्थाको नाम

| सि.नं. | नविकरण अवधि | | रसिद नं / मिति | नविकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य** :

- **म्याद भुक्तान भएको ३० दिन भित्र नविकरण गर्न आएमा रु. ५,००।- नविकरण शुल्क लाग्नेछ । त्यसपछि पहिलो बर्ष रु. ५,००।- जरिवाना र प्रत्येक बर्ष रु. १,०००।- का दरले जरिवाना र नविकरण शुल्क रु. ५००।- लाग्नेछ ।**

## अनुसूचि -४

**(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**

(दर्ता गरिएका रासायनिक मल बिक्रेताहरुको लगत बनाउने फारामको नमुना)

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
जलथल, झापा

| दर्ता नं | प्रोपाईटर वा आधिकारिक व्यक्तिको नाम | दर्ता मिति | रासायनिक मल कारोवारमा संलग्न डिलर फर्म वा संस्थाको नाम | | | | किसिम(निजी संस्था सरकारी/अर्ध सरकारी | रासायनिक मल कारोबारमा संलग्न भएको मिति | रासायनिक मल बाहेक बिषादी बिक्री बितरण गर्ने गरेको छ छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | यस अघि कुनै कार्यालयमा दर्ता भैसकेको भए दर्ता गर्ने कार्यालयको नाम | ठेगाना | स्थापना मिति | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेको नामः
प्रमाणित गर्ने
पद पद
हस्ताक्षर
हस्ताक्षर
मिति
मिति

## अनुसूचि -५



हल्दीबारी गाउँपालिका

## (दफा १० सँग सम्बन्धित)

(बिक्रेताहरुले पेश गर्नुपर्ने रासायनिक मल कारोबारको चौमासिक प्रगति प्रतिवेदनको ढाँचा)

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

जलथल, झापा

बिक्रेता/संस्थाको नामः

ठेगाना :

| क्र.सं. | बिवरण | मलको परिमाण | | कैफियत |
|---|---|---|---|---|
| | | मेट्रिक टनमा | बोरामा | |
| १. | गत चौमासिकको मौज्दात | | | |
| | १.१ यूरिया | | | |
| | १.२ डि ए पी | | | |
| | १.३ पोटास | | | |
| | १.४ अन्य | | | |
| २. | यस चौमासिकको खरिद | | | कुन संस्था/व्यक्तिबाट खरिद गरिएको हो खुलाउने |
| | २.१ यूरिया | | | |
| | २.२ डि ए पी | | | |
| | २.३ पोटास | | | |
| | २.४ अन्य | | | |
| ३ | यस चौमासिकको बिक्री | | | |
| | ३.१ यूरिया | | | |
| | ३.२ डि ए पी | | | |
| | ३.३ पोटास | | | |
| | ३.४ अन्य | | | |
| ४ | मौज्दात | | | |
| | ४.१ यूरिया | | | |
| | ४.२ डि ए पी | | | |
| | ४.३ पोटास | | | |
| | ४.४ अन्य | | | |
| ५ | बिक्री मूल्य | | | |
| | ५.१ यूरिया | | | |
| | ५.२ डि ए पी | | | |
| | ५.३ पोटास | | | |

हल्दीबारी गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | ५.४ अन्य | | | |

तयार गर्नेको नाम र सही

प्रमाणित गर्ने

नामः

नामः

पदः

पदः

दस्तखतः

दस्तखतः

हल्दीबारी गाउँपालिका

# अनुसूचि - ६
## (दफा ११ उपदफा(२क) सँग सम्बन्धित)

(रासायनिक मल बिक्रेताहरुले नविकरणको लागि पेश गर्नुपर्ने निवेदन र बिवरणको ढाँचा)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय जलथल, झापा ।

बिषयः नविकरण गरी पाउँ बारे ।

मैले/ हामीले मेरो फर्म/संस्थाले हाल यस झापा जिल्लाको हल्दीबारी गाउँपालिकामा रासायनिक मल बिक्रेताको रुपमा त्यस कार्यालयमा मिति ............................ मा दर्ता भई कारोबार गर्दै आएको हुँदा संलग्न बिवरणहरु सहित नविकरण गरिदिनु हुनको लागि अनुरोध गर्दछु ।

निवेदक
नाम
सही
सम्पर्क नं

रासायनिक मल बिक्रेताको नविकरणका लागि पेश गर्नुपर्ने बिवरण

१. फर्म वा संस्थाको नाम :
२. स्थापना मिति :
३. प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम :(अध्यक्ष वा प्रवन्धक)
४. नागकरिता प्रमाणपत्रको प्रतिलिपी
५. संस्था रहेको स्थानको ठेगाना जिल्ला गाउँपालिका वडा/ टोलको नाम
६. संस्थाको किसिम (चिन्ह लगाउने) निजी/सहकारी/अर्धसरकारी/सरकारी
७. रासायनिक मल बिक्री बितरण शुरु गरेको बर्ष/मिति
८. यस अघि कुनै सरकारी निकायमा पहिले दर्ता भएको भए त्यसको नाम
(क) दर्ता मिति
(ख) दर्ता गर्ने कार्यालयको नाम
(ग) दर्ता नं
(घ) कारोबारको किसिम
९. गोदाम घर/ नापतौल मेशिन/सूचना प्रविधि : भए/ नभएको
१०. हाल बिक्री बिक्री बितरण गर्ने गरेको रासायनिक मलहरुको नाम(चिन्ह लगाउने)
(ख) यूरिया (ख) डिएपी (ग) पोटास (घ) एमोनियम सल्फेट (ङ) अन्य केही भए

११.      हाल रासायनिक मलहरु कहाँबाट र को सँग खरिद गरी ल्याउने गर्नु भएको छ ? नाम र ठेगाना सहितको बिवरण पेश गर्नुपर्नेछ ।

**<u>आज्ञाले</u>**
मान बा. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी गाउँपालिका